नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- 08

मितिः-२०८२/०५/१३
नेपाल संवत् ११४५

श्री जिल्ला समन्वय समिति (सबै),
श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

विषयः- संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धमा।

गृह मन्त्रालय, मुल समारोह समितिको सचिवालयको प.सं. २०८२/०८३, च.नं. १४५, मिति २०८२/०५/१० को **"संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने"** सम्बन्धी पत्र र सोसाथ प्राप्त औपचारिक कार्यक्रमको मुल समारोह समिति गठन एवम् अनुमोदित कार्यक्रम यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

...................
(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः

श्री गृह मन्त्रालय, मुल समारोह समितिको सचिवालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- संविधान दिवस - २०८२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १४५

दर्ता ११५ ५/१२

मितिः २०८२/०५/१०
ने.स. ११४५

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**(सङ्घीय मामिला महाशाखा)**
**सिंहदरबार, काठमाडौं।**

विषयः **संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धमा ।**

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ (असोज २, ३ र ४ गते तीन दिनसम्म) भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०८२/०५/०८ गते आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रमको छाँयाप्रति यसैसाथ संलग्न छ। अतः अनुमोदित कार्यक्रम बमोजिम कार्यक्रम आयोजनासहित दिवस मनाउने सम्बन्धमा सबै जिल्ला समन्वय समिति तथा स्थानीय तहमा आवश्यक समन्वयका लागि निर्णयानुसार अनुरोध छ।

**तपसिल**

१. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित पालिका प्रमुख र सरोकारवाला पदाधिकारीहरू सम्मिलित **जिल्ला स्तरीय कार्यक्रम आयोजक समिति** गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी **संविधान दिवस तथा राष्ट्रिय दिवस** मनाउने। उक्त समितिमा सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले सदस्य-सचिवको जिम्मेवारी वहन गर्ने।
२. सबै स्थानीय तहमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति** गठन गरी संविधान दिवस तथा राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरुलाई अनुरोध गर्ने।
३. वडास्तरमा सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा **संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति** गठन गरी संविधान दिवस तथा राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन स्थानीयबासीहरूलाई अनुरोध गर्ने।
४. स्थानीय विद्युतीय तथा छापा सञ्चार एवं सामाजिक सञ्जालका माध्यमबाट **संविधान दिवस तथा राष्ट्रिय दिवससँग** सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-संविधान दिवस - २०८२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १४५

५. असोज २, ३ र ४ गते स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने।

६. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा सम्बद्ध स्थानीय संघ-संस्थाहरुसमेतको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने।

७. शिक्षा विकास तथा समन्वय इकाईसमेतको समन्वयमा फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने।

८. विभिन्न आन्दोलनहरुका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारीको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

(जयनारायण आँचार्य)
सहसचिव

**सादर अवगतार्थः**
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

संविधान घोषणाको एक दशक

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२

## भाग-१

औपचारिक कार्यक्रमको मूल समारोह समिति

**गठन एवम् अनुमोदित कार्यक्रम**

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२

संविधान घोषणाको एक दशकको अवसरमा यही असोज २, ३ र ४ गते विविध कार्यक्रमका साथ नेपाल राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावास एवं जनस्तरमा समेत भव्यतासाथ राष्ट्रिय दिवसका रुपमा मनाउने सन्दर्भमा मिति २०८२ साल भाद्र ८ गते आइतबार अपरान्ह ४:०० बजे सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका कार्यक्रम अनुमोदन गरिएको छ।

तपसिल

**क. "संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समिति, २०८२" को गठन :**

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु | सदस्य |
| ३. | प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ४. | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| ५. | प्रधानसेनापति, नेपाली सेना | सदस्य |
| ६. | प्रमुख, ललितपुर महानगरपालिका | सदस्य |
| ७. | प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं | सदस्य |
| ८. | प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर | सदस्य |
| ९. | प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर | सदस्य |
| १०. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ११. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| १२. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| १३. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| १४. | उपप्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| १५. | काठमाडौं उपत्यकाका नगरपालिकाका प्रमुख | सदस्य |
| १६. | काठमाडौं उपत्यकाका गाउँपालिकाका अध्यक्ष | सदस्य |
| १७. | अध्यक्ष - नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| १८. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

*संविधान घोषणा भएको एक दशक पूरा भएको अवसरमा यहि असोज २, ३ र ४ गते संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ हर्षोल्लाससाथ भव्यरुपमा मनाउन देहाय बमोजिमका कार्यक्रमहरू सम्पादन गरिने छ।*

ख. **संघीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :**

**असोज २ गते**

१. वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तर्निहित पक्षहरूमा केन्द्रीत विशेष सम्वाद, परिसम्वाद तथा सन्देशमूलक नाटक जस्ता सिर्जनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवम् निजी क्षेत्र समेतका विद्युतीय (Audio-Visual) तथा छापा सञ्चारमाध्यम तथा **सामाजिक सञ्जालबाट** प्रशारण, प्रकाशन गर्ने, गराउने व्यवस्था मिलाउने।

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई **संविधान दिवस तथा राष्ट्रिय दिवस**को उपलक्ष्यमा विशेषाङ्क/स्मारिका तथा संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने।

३. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र र सबै सरकारी तथा गैर सरकारी कार्यालयमा दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

४. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झन्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

५. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

६. सबै जिल्लाहरूमा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

७. प्रजातान्त्रिक तथा लोकतान्त्रिक जनआन्दोलन र जनसंघर्षका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवम् स्थानीय तहको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

सचिव

८. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आवश्यक समन्वय गर्ने।

**असोज ३ गते**

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाइँ (स्याल्भो र भली फायर) गर्ने।

२. नेपाली सेनाको हेलिकोप्टरबाट **"संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२"** अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र ब्यानर प्रदर्शन गर्ने।

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२** को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा मूल समारोह समितिका सदस्यहरू, संवैधानिक अङ्गका प्रमुखहरू, निर्वाचित जनप्रतिनिधिहरु, संवैधानिक निकायका प्रमुखहरू, विदेशी कूटनीतिक नियोगका प्रमुखहरू, शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, नागरिक समाजका ख्याति प्राप्त व्यक्तित्वहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक संघ-संस्थाका पदाधिकारीहरू तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने।

४. मूल समारोहको कार्यक्रममा उपत्यकास्थित सरकारी कार्यालयका कर्मचारीहरूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अनिवार्य उपस्थित गराउने। बैंक तथा वित्तीय संस्थाहरुका कर्मचारीहरूको उपस्थितिको लागि अर्थ मन्त्रालयलाई जिम्मेवारी प्रदान गर्ने। उपत्यकाभित्रका स्थानीय पालिकाहरूले पालिकाभित्रका विद्यालयबाट कम्तिमा २० जनाको दरले विद्यार्थीहरूलाई विद्यालय पोशाकमा उपस्थित गराउने।

५. मूल समारोह समितिद्वारा नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने।

६. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, नेपाल स्काउट, खेलकुद परिषद्को तर्फबाट कम्तिमा १०/१० वटा विशेष प्रस्तुति तथा स्टण्टबाजी प्रस्तुत गर्ने। (नेपालको झण्डासहित प्रदर्शन गर्ने)

सचिव

नेपाल सरकार

७. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको साँस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति सैनिक मञ्च, टुँडिखेलमा गर्ने।

८. रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२** को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफ.एम. तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने।

९. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्ज्वलन गर्ने।

१०. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

११. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

१२. विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र बनाई सार्वजनिक होर्डिङ बोर्ड, सामाजिक सञ्जाल एवं टेलिभिजनबाट प्रसारण गराउने।

**असोज ४ गते**

१. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्ज्वलन गर्ने।

२. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

३. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

ग. **विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रम :**

१. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा असोज २, ३ र ४ गते कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी समुचित प्रचार-

प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली कूटनीतिक निकायहरुमा पठाउने।

**घ. प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रमः**

१. सातै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय **"संविधान दिवस तथा राष्ट्रिय दिवस समारोह समिति"** गठन गरी विविध कार्यक्रमका साथ संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपमा मनाउन अनुरोध गर्ने।

२. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने संविधान दिवस तथा राष्ट्रिय दिवसका कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख र सरोकारवाला पदाधिकारीहरू सम्मिलित **"जिल्ला स्तरीय कार्यक्रम आयोजक समिति"** समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी **संविधान दिवस तथा राष्ट्रिय दिवस** मनाउने। उक्त समितिमा सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले सदस्य-सचिवको जिम्मेवारी वहन गर्ने।

३. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी संविधान दिवस तथा राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरूलाई अनुरोध गर्ने।

४. वडास्तरमा सम्बन्धित वडाअध्यक्षको अध्यक्षतामा **"संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी संविधान दिवस तथा राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन स्थानीयबासीहरूलाई अनुरोध गर्ने।

५. असोज २, ३ र ४ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघसंस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

६. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

७. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झण्डा फहराउन आव्हान गर्ने।

८. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यम एवं सामाजिम सञ्जालबाट संविधान दिवस तथा राष्ट्रिय दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

## मूल समारोहका कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने ।

### औपचारिक कार्यक्रमको समग्र व्यवस्थापन उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, गृह मन्त्रालय | संयोजक |
| २. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ३. | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ४. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ५. | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ६. | सचिव, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ७. | अध्यक्ष (नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श) | सदस्य |
| ८. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्थापन महाशाखा) | सदस्य-सचिव |

### प्रचार प्रसार उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, सार्वजनिक सेवा प्रसारण नेपाल | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ८. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| ९. | उपसचिव, गृह मन्त्रालय | सदस्य |
| १०. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य-सचिव |

### साँस्कृतिक झाँकी व्यवस्थापन उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ४. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |

| | | |
|---|---|---|
| ६. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ७. | प्रमुख प्रशासकीय अधिकृत, गोकर्णेश्वर नगरपालिका | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, बुढानिलकण्ठ नगरपालिका | सदस्य |
| १०. | प्रमुख प्रशासकीय अधिकृत, शंखरापुर नगरपालिका | सदस्य |
| ११. | प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका | सदस्य |
| १२. | प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका | सदस्य |
| १३. | प्रमुख प्रशासकीय अधिकृत, तारकेश्वर नगरपालिका | सदस्य |
| १४. | प्रमुख प्रशासकीय अधिकृत, कीर्तिपुर नगरपालिका | सदस्य |
| १५. | प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरी नगरपालिका | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत, दक्षिणकाली नगरपालिका | सदस्य |
| १७. | प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर ठिमी नगरपालिका | सदस्य |
| १८. | प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालिका | सदस्य |
| १९. | प्रमुख प्रशासकीय अधिकृत, सुर्यविनायक नगरपालिका | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका | सदस्य |
| २१. | प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका | सदस्य |
| २२. | उपसचिव, गृह मन्त्रालय | सदस्य |
| २३. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |
| **साँस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमिति** | | |
| १. | सचिव, रक्षा मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | निर्देशक, समारोह सञ्चालन निर्देशनालय, नेपाली सेना | सदस्य |
| ४. | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी (सम्बन्धित विभाग) | सदस्य |
| ५. | सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल (सम्बन्धित विभाग) | सदस्य |
| ६. | महाप्रबन्धक, साँस्कृतिक संस्थान (राष्ट्रिय नाँचघर) | सदस्य |
| ७. | उपसचिव, गृह मन्त्रालय | सदस्य |
| ८. | उपसचिव, रक्षा मन्त्रालय | सदस्य-सचिव |
| **ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति** | | |
| १. | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | संयोजक |

सचिव

| | | |
|---|---|---|
| २. | सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | उपसचिव, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य-सचिव |
| **मञ्च सजावट तथा व्यवस्थापन उप-समिति** | | |
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ४. | प्रमुख, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ५. | सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं | सदस्य |
| ६. | सुपरिन्टेन्डेन्ट इञ्जिनियर, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कर्यालय | सदस्य |
| ७. | प्रमुख सेनानी, जङ्गी अड्डा (समारोह सञ्चालन निर्देशनालय) | सदस्य |
| ८. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ९. | उपसचिव, गृह मन्त्रालय | सदस्य |
| १०. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |

नेपाल सरकार

सचिव

## क्रियाकलाप तथा कार्ययोजना :

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. सातै प्रदेशका माननीय मुख्यमन्त्रीले संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपमा मनाउन व्यवस्था मिलाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. संविधान दिवस तथा राष्ट्रिय दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले बोर्ड एवं सामाजिक सञ्जालमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. दिवस केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, कविगोष्ठी, रेडियो नाटक लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने।<br>४. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा संविधान दिवस तथा राष्ट्रिय दिवसका विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br>५. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने।<br>६. सबै सरकारी निकायहरूका वेभसाइटहरूमा **संविधान दिवस तथा राष्ट्रिय दिवस** भव्यरुपले मनाउने सम्बन्धी पपअप आउने व्यवस्था मिलाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ७. विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र बनाई सार्वजनिक होर्डिङ बोर्ड एवं टेलिभिजनबाट प्रसारण गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सबै मन्त्रालयहरू | गृह मन्त्रालय |
| ८. आम नागरिकहरूलाई तीनै दिन आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र दिपावली गर्न आव्हान गर्ने।<br>९. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने। | स्थानीय पालिकाहरू, जिल्ला प्रशासन कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १०. **संविधान दिवस तथा राष्ट्रिय दिवस**को अवसरमा वस्तु तथा सेवा विक्रीमा व्यापक र विशेष छुट दिन निजी क्षेत्रका व्यवसायीलाई आव्हान गर्ने। | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कर्मस, नेपाल उद्योग परिसंघ तथा निजी क्षेत्रका संघसंस्थाहरू | गृह मन्त्रालय |
| ११. सैनिक मञ्च, टुँडिखेलको मूल समारोहको कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति तथा स्टण्टबाजी गर्ने। | रक्षा मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, सांँस्कृतिक संस्थान | गृह मन्त्रालय |

नेपाल सरकार गृह मन्त्रालय

सचिव

| | | | |
|---|---|---|---|
| १२. सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गर्ने | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय | स्थानीय पालिकाहरु तथा स्थानीय खेलकुद विकास समिति, उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ | गृह मन्त्रलाय, जिल्ला प्रशासन कार्यालय |
| १३. रक्तदान कार्यक्रमको आयोजना गर्ने। | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सम्बद्ध संघ-संस्थाहरु | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| १४. ऐतिहासिक आन्दोलनहरुका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरुलाई सम्मान गर्ने। | जिल्ला समन्वय समिति | स्थानीय पालिकाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| १५. विद्यालय तथा कलेजमा नेपालको संविधान, **संविधान दिवस तथा राष्ट्रिय दिवस** र नेपालको राष्ट्रिय झन्डा लगायतको राष्ट्रभक्तिको विषयमा कविता वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तहहरू | प्याबसन, एन प्याबसन, हिसान | शिक्षा विकास तथा समन्वय इकाई |
| १६. फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने। | स्थानीय पालिकाहरु | शिक्षा विकास तथा समन्वय इकाई | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| १७. साँझ दीप प्रज्ज्वलन गर्ने। | स्थानीय पालिकाहरु, सरकारी निकायहरु | स्थानीय सामुदायिक संघ-संस्थाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, |

नेपाल सरकार

सचिव

## सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहमा उपस्थित हुनुहुने महानुभावहरु :

१. सम्माननीय राष्ट्रपति,
२. सम्माननीय उपराष्ट्रपति,
३. सम्माननीय प्रधानमन्त्री,
४. सम्माननीय प्रधानन्यायाधीश,
५. सम्माननीय सभामुख, प्रतिनिधि सभा,
६. सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा,
७. माननीय पूर्वराष्ट्रपतिहरू,
८. माननीय उपप्रधानमन्त्रीहरू,
९. पूर्व उपराष्ट्रपतिहरू,
१०. पूर्व प्रधानमन्त्रीहरु/मन्त्रिपरिषद्का पूर्व अध्यक्ष,
११. माननीय मन्त्रीहरु,
१२. उपसभामुख, प्रतिनिधि सभा,
१३. उपाध्यक्ष, राष्ट्रिय सभा,
१४. राज्य मन्त्रीहरु,
१५. सङ्घीय संसदका संसदीय समितिका सभापतिहरू,
१६. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,
१७. संवैधानिक निकायका प्रमुखहरु,
१८. महान्यायाधिवक्ता,
१९. सङ्घीय संसदका माननीय सदस्यहरू,
२०. काठमाडौं महानगरपालिकाका प्रमुख,
२१. नेपाल सरकारका मुख्य सचिव,
२२. प्रधानसेनापति,
२३. ललितपुर महानगरपालिकाका प्रमुख,
२४. जिल्ला समन्वय समितिका प्रमुखहरु (उपत्यका भित्रका),
२५. संङ्घीय संसदका महासचिव,
२६. सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार,
२७. नेपाल राष्ट्र बैंकका गभर्नर,
२८. प्रज्ञा प्रतिष्ठानका कुलपति तथा विश्वविद्यालयका उपकुलपतिहरू,
२९. नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु,
३०. नेपालस्थित विदेशी राजदूतहरु/संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि,
३१. रथी,
३२. सुरक्षा निकायका प्रमुखहरु,
३३. प्रज्ञा प्रतिष्ठानका उपकुलपतिहरू,

नेपाल सरकार

३४. विश्वविद्यालयका प्राध्यापकहरू,

३५. काठमाडौं महानगरपालिकाका उपप्रमुख,

३६. काठमाडौं उपत्यकाभित्रका स्थानीय तहका प्रमुखहरु तथा उपप्रमुखहरु सबै,

३७. सुरक्षा निकायका विशिष्ट श्रेणीका अधिकृतहरु,

३८. उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरू,

३९. नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू (सहसचिवहरू),

४०. सहायक रथीहरू,

४१. प्रहरी नायब महानिरीक्षकहरू,

४२. सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू,

४३. राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशकहरू,

४४. सार्वजनिक संस्थानका प्रमुख एवम् कार्यकारीहरू,

४५. अध्यक्ष, उद्योग वाणिज्य महासंघ,

४६. अध्यक्ष, नेपाल चेम्वर अफ कमर्स,

४७. अध्यक्ष, नेपाल उद्योग परिसंघ,

४८. अध्यक्ष, नेपाल पत्रकार महासंघ,

४९. उपसमितिका सदस्यहरू,

५०. बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू,

५१. उपत्यकास्थित सरकारी कार्यालयका कर्मचारीहरू,

५२. विद्यार्थीहरू,

५३. आमनागरिकहरू।

## नेपाली सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहको कार्यक्रम तथा समयतालिका

**कार्यक्रम सुरु हुने समय - बिहान ८:३० बजे**

**कार्यक्रमको अनुमानित समयावधि : २ घण्टा (आगमन समय बाहेक)**

**आमन्त्रित विशिष्ट महानुभावहरुको आगमन**

| | |
|---|---|
| १. राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यूको आगमन | - ८:३० बजे |
| २. प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यूको आगमन | - ८:३३ बजे |
| ३. सम्माननीय प्रधानन्यायाधीशज्यूको आगमन | - ८:३६ बजे |
| ४. संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन | - ८:३९ बजे |
| ५. विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन | - ८:४२ बजे |
| ६. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको आगमन तथा राष्ट्रपतिज्यूबाट सलामी ग्रहण | - ८:४५ बजे |
| ७. राष्ट्रिय गान र झण्डोत्तोलन | - ४ मिनेट |
| ८. ज्ञात-अज्ञात शहीदहरू प्रति उच्च-सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीरशान्तिको लागि मौनधारण | - १ मिनेट |
| ९. नेपाली सेनाको हेलिकोप्टरबाट **"संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२"** अङ्कीत ब्यानर प्रदर्शन गरी पुष्पवृष्टि एवं बेलुनहरु उडाउने कार्य टुँडिखेल मूल कार्यक्रम स्थलमा गर्ने। साथै, सो कार्य पश्चात हेलिकोप्टरबाट **"संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२"** अङ्कीत ब्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने। | - ५ मिनेट |
| १०. नेपाली सेनाद्वारा शान्तिका प्रतीक परेवा उडाउने, | - १ मिनेट |
| ११. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, नेपाल स्काउटद्वारा संक्षिप्त मार्च पास, | - १० मिनेट |
| १२. राष्ट्रिय खेलकुद परिषद्को तर्फबाट Taekwondo Demonstration | - १० मिनेट |
| १३. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट स्टण्ट प्रदर्शन | - २० मिनेट |
| १४. साँस्कृतिक झाँकी प्रदर्शन, | - २० मिनेट |
| १५. साँस्कृतिक विविधता झल्कने प्रदर्शन, | - १५ मिनेट |
| १६. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा संक्षिप्त ब्याण्ड प्रदर्शन गर्ने, | - १० मिनेट |
| १७. **संविधान दिवस तथा राष्ट्रिय दिवस** मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन, | - २० मिनेट |
| १८. सम्माननीय राष्ट्रपतिज्यूको फिर्ती सलामी र विदाई। | - १० मिनेट |

*(रेडियो नेपाल, नेपाल टेलिभिजन, अन्य श्रव्य-दृश्य संस्था तथा सामाजिक सञ्जालबाट सम्पूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण)*

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२

## भाग-२

**बृहत जनसहभागितासहितको झाँकी प्रदर्शन कार्यक्रम**

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२

## एवम्

## संविधान घोषणाको दशक

संविधान घोषणाको दशक समारोहको अवसरमा बृहत् जनसहभागितासहितको झाँकी प्रदर्शन सम्बन्धी कार्यक्रम आयोजना गर्ने। उक्त कार्यक्रममा जनसहभागिताको लागि मूलतः उपत्यकाभित्रका जिल्ला समन्वय समिति, स्थानीय पालिकालाई जिम्मेवारी प्रदान गरी देहाय बमोजिमको क्रियाकलापको आयोजना गर्नेः

१. **कार्यक्रमः**

उपत्यका र उपत्यका बाहिरका विभिन्न जातजाति, भाषाभाषी, भेषभुषा, धर्मसंस्कृति झल्कने विविध सङ्गीत, बाद्यबाधन, झाँकीसहित प्रदर्शन गर्ने।

मिति :- २०८२ साल असोज २ गते, बिहीबार

समय :- बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म

स्थान :- शहीदगेटदेखि बसन्तपुरसम्म।

नेपाल सरकार

सचिव

**बृहत् झाँकी प्रदशनको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमिति गठन गर्ने।**

| | | |
|---|---|---|
| १. | सचिव, संस्कृति, पर्यटन, तथा नागरिक उड्डयन मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सह-संयोजक |
| ३. | सहसचिव, गृह मन्त्रालय | सदस्य |
| ४. | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ६. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ७. | उपत्यकाका जिल्ला समन्वय अधिकारी | सदस्य |
| ८. | उपत्यकाभित्रका नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ९. | उपत्यकाभित्रका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| १०. | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

- **झाँकी प्रदर्शन कार्यक्रम आयोजनाका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन उपसमितिले प्रस्ताव गर्ने।**

नेपाल सरकार

सचिव

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२

## भाग-३

## National Day Concert

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२

## एवम्

## संविधान घोषणाको दशक

नेपाल सरकार
गृह मन्त्रालय

संविधान घोषणाको दशक समारोहको अवसरमा राष्ट्रिय गान र राष्ट्रभक्तिका साङ्गीतिक महोत्सव **(National Day Concert)** आयोजना गर्ने।

*National Day Concert* कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यक्रम तथा क्रियाकलापहरूको आयोजना गर्नेः

१. **कार्यक्रमका सहभागीहरूः**

नयाँ पुस्ताका युवा, विद्यार्थी तथा सर्वसाधारण।

२. **कार्यक्रमहरूः**

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट कार्यक्रममा उपस्थित नयाँ पुस्ताका युवा, विद्यार्थी तथा सहभागी सबैलाई शुभकामना प्रदान गर्ने।
- चर्चित राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरू सहितको ब्यान्डबाट राष्ट्रिय/देशभक्तिका गीतहरू गायन तथा प्रस्तुति गर्ने।

३. **डिजिटल क्याम्पेनका कार्यक्रमहरूः**

- संविधान घोषणाका १० वर्षलाई हरेक नेपालीले सम्माननीय प्रधानमन्त्रीज्यूको तस्वीरसँग आफूलाई जोड्न मिल्ने गरी १० को पहिलो अंक १ को रुपमा सम्माननीय प्रधानमन्त्रीज्यू उभिएको चित्र राखिने र पछिल्लो शून्यमा उपस्थित सहभागीले फोटो खिच्न मिल्ने गरी डिजाइन गर्ने।

- *National Day Concert* गर्ने मिति, समय र स्थानको छनौट व्यवस्थापन समितिले मूल समारोह समितिका अध्यक्षज्यूसँगको परामर्शमा गर्नेछ।

***National Day Concert* कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका समिति गठन गर्ने।**

| **बृहत् जनसहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम (National Day Concert) व्यवस्थापन समिति** | | |
|---|---|---|
| १. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सह-संयोजक |
| ३. | सचिव, गृह मन्त्रालय | सदस्य |
| ४. | सचिव, अर्थ मन्त्रलाय | सदस्य |
| ५. | सचिव, सहरी विकास मन्त्रालय | सदस्य |
| ६. | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ७. | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ८. | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ९. | रथी, नेपाली सेना | सदस्य |
| १०. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ११. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| १२. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| १३. | अध्यक्ष, चलचित्र विकास बोर्ड | सदस्य |
| १४. | महाप्रबन्धक, साँस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) | सदस्य |
| १५. | सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद् | सदस्य |
| १६. | प्रमुख, नेपाल स्काउट | सदस्य |
| १७. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| १८. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| १९. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| २०. | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

नेपाल सरकार

सचिव

- **National Day Concert कार्यक्रम आयोजनाका लागि आवश्यक पर्ने अनुमानित बजेट देहाय बमोजिम प्रस्ताव गरिएको छः**

| क्र.सं. | क्रियाकलाप | अनुमानित बजेट |
|---|---|---|
| १. | स्टेज निर्माण गर्ने | रु. ७,००,०००।- |
| २. | स्टेजको रुफ निर्माण गर्ने | रु. ५,००,०००।- |
| ३. | साउण्ड सिस्टम जडान गर्ने | रु. ५,००,०००।- |
| ४. | लाइट सिस्टम जडान गर्ने | रु. ६,००,०००।- |
| ५. | स्क्रीन जडान गर्ने कार्य | रु. ६,००,०००।- |
| ६. | जेनेरेटर सेवा लिने | रु. ५,००,०००।- |
| ७. | आतिसबाजी कार्य | रु. १०,००,०००।- |
| ८. | सुरक्षाकर्मीहरूका लागि खाजा/खाना खर्च | रु. १०,००,०००।- |
| ९. | विविध | रु. ५,००,०००।- |
| | जम्मा | रु. ५९,००,०००।- |

नेपाल सरकार
गृह मन्त्रालय